मिति : २०८२/०७/१८

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

## तिलोत्तमा नगरपालिकाको "विद्यार्थी च्यालेन्ज फण्ड" कार्यक्रमको लागि आवेदन पेश गर्ने सूचना ।

तिलोत्तमा नगरपालिकाले आफ्नो नगरपालिका भित्रका सामुदायिक विद्यालय तथा क्याम्पसका विद्यार्थीहरुको समाजिक, आर्थिक, राजनैतिक, सास्कृतिक र प्रविधिक क्षेत्रमा नविनतम कार्यक्रम एवम् नेतृत्व विकासका लागि आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "विद्यार्थी च्यालेन्ज फण्ड" कार्यक्रम सन्चालन गर्न प्रति समुह अधिकतम १०,०००। (दश हजार मात्र) उपलब्ध गराइने भएकोले सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले आफ्नो नविनतम कार्यक्रम सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

च्यालेज फण्डका विषय वस्तुहरु

- विज्ञान प्रविधी सम्वन्धी
- जनचेतना सम्वन्धी
- अभिमुखीकरण सम्वन्धी
- आयआर्जन ( स्टार्टअप ) सम्वन्धी
- साहित्य कला सम्वन्धी

निवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु

- अध्ययनरत संस्थाले दिएको सिफारिस
- कार्यक्रम सम्वन्धी प्रस्तावना

कार्यक्रमका अन्य सर्तहरु

- एक शैक्षिक संस्थावाट एक भन्दा वढि प्रस्तावना पेश गर्न नपाइने ।
- प्रत्येक समुहमा ३ देखी ७ जना विद्यार्थी हुनुपर्नेछ साथै समुह समावेशी हुनुपर्नेछ ।
- सर्टलिस्टमा परेका आवेदनहरुलाई छनौट गरि आर्थिक सहायता उपलब्ध गराइनेछ ।

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर सहर: सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"
तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुञ्जलापुर, मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल ।

मिति : २०८२/०७/१८

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

## तिलोत्तमा नगरपालिकाको "एक विद्यालय एक श्रृजनशिल कार्यक्रम" को लागि प्रस्तावना पेश गर्ने सूचना ।

तिलोत्तमा नगरपालिकाले आफ्नो नगरपालिका भित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरुको शैक्षिक तथा वैयक्तिक विकासका लागि आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"एक विद्यालय एक श्रृजनशिल कार्यक्रम"** सञ्चालन गर्न ३ (तिन) विद्यालयहरु छनौट गरि प्रति विद्यालय १,००,०००। (एक लाख रुपैया मात्र) उपलब्ध गराइने भएकोले इच्छुक सामुदायिक विद्यालयहरुले १५ दिन भित्र नविनतम सोच सहितको कार्यक्रम सञ्चालनको लागि प्रस्तावना सहितको आवेदन पेश गर्नको लागि यो सुचना प्रकाशन गरिएको छ ।

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह



CERTIFIED ISO 9001:2015 COMPANY
UNITED ACCREDITATION FOUNDATION UAF
CamScanner

'समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर सहर: सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर'

# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कुञ्जलापुर, मणिग्राम, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

मिति : २०८२/०७/१८

## अनुसन्धान सोधपत्र ( थेसिस ) लेखन सहयोग सम्बन्धी तिलोत्तमा नगरपालिकाको सूचना ।

तिलोत्तमा नगरपालिकाले आफ्नो नगरभित्र अध्ययन अनुसन्धान मार्फत समाजिक, आर्थिक, राजनैतिक, सास्कृतिक र प्रविधिक क्षेत्रको विकासका लागि आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न कलेजमा अध्ययनरत विद्यार्थीहरुसँग सहकार्य गरि उनिहरुको शैक्षिक सोधपत्र (थेसिस) लेखनका लागि प्रति विद्यार्थी रु. १०,०००।- (रुपैया दश हजार मात्र ) का दरले जम्मा १० जना विद्यार्थीहरुलाई आर्थिक सहयोग उपलब्ध गराइने भएकोले आवेदन सम्वन्धी सर्त पुगेका विद्यार्थीहरुलाई २ महिना भित्र तिलोत्तमा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ ।

आवेदन सम्वन्धी सर्त

- तिलोत्तमा नगरपालिको स्थायी वासिन्दा हुनु पर्नेछ ।
- स्नातक तथा स्नातकोत्तर तहका (अन्तिम वर्ष वा अन्तिम सेमेष्टरमा अध्ययनरत) नियमित विद्यार्थीले मात्र आवेदन पेश गर्न पाउने छन ।
- विज्ञान तथा प्रविधिक क्षेत्र वाहेक अन्य विषयको अध्ययन क्षेत्र तिलोत्तमा नगरपालिका केन्द्रित हुनुपर्नेछ ।
- यो सूचना वमोजिम प्राप्त आवेदनहरुमध्ये सर्टलिष्टमा परेका आवेदनकर्ताहरुलाई मात्र आर्थिक सहायता उपलब्ध गराइनेछ ।
- थेसिसको एक प्रति नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

- अनुसन्धानको प्रस्तावना ।
- अध्ययनरत संस्थाले दिएको सिफारिस पत्र ।
- नागरिकताको प्रतिलिपि ।
- अघिल्लो तहको ट्रान्सकृप्टको प्रतिलिपि ।
- नतिजा प्रकाशन भैसकेको वर्ष वा सेमेष्टरको मार्कसिटको प्रतिलिपि ।

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह



CamScanner